गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

## नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

जनस्वास्थ्य बुलेटिन
अंक: १५
महिना: चैत्र
आ. व: २०८२/८३

## जनस्वास्थ्य बुलेटिन- चैत्र २०८२

### मुख्य उपलब्धीहरु

- ☐ जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियान २०८२ सम्पन्न
- ☐ विश्व क्षयरोग दिवस (World TB Day) 2026 विशेष अन्तरक्रिया कार्यक्रम
- ☐ मुसहर बस्ती, कावासोती-१५ मा विशेष खोप सत्र सञ्चालन
- ☐ मध्यबिन्दु नगरपालिकामा इट्टा भट्टामा जे.ई. विशेष खोप सेशन
- ☐ समावेशी पहल: मस्जिद र चर्चमार्फत JE खोप सेवा विस्तार
- ☐ घरदैलो तथा द्रुत पहुँच अनुगमन (RCM) सञ्चालन: जे.ई. विशेष खोप अभियान
- ☐ जे.ई. विशेष खोप अभियान २०८२: खोप केन्द्रको स्थलगत अनुगमन
- ☐ धौवादी स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड मुल्यांकन कार्यक्रम

### मासिक कार्यक्रम सारांश

संचालित कार्यक्रम कुल संख्या: १२

कार्यक्रम प्रकारअनुसार:

- तालिम: ००
- अभिमुखीकरण: ०३
- अन्तरक्रिया तथा गोष्ठी: ०१
- स्थलगत अनुशिक्षण: ०५
- अनुगमन तथा सुपरिवेक्षण: ०३
- समिक्षा तथा अन्य बैठक: ००
- समुदाय साझेदारी कार्य: ००

### संचालित कार्यक्रमहरुको विवरण

#### जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियान सम्पन्न

जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियान २०८२ अन्तर्गत जिल्लामा कुल ७६.३% लक्षित जनसंख्यालाई खोप प्रदान गरिएको छ, जसमा ४७,४५५ पुरुष र ६७,०२० महिला समावेश छन्। स्थानीय तहहरूमध्ये बौदिकाली गाउँपालिकामा सबैभन्दा उच्च (९५.७%) र विनयी त्रिवेणी गाउँपालिकामा तुलनात्मक रूपमा न्यून (६५.३%) खोप कभरेज देखिएको छ। अभियान अवधिमा २ वटा मात्र सामान्य AEFI घटना रिपोर्ट भएका छन्। समग्रमा, यो अभियानले समुदायमा JE रोग नियन्त्रण र जीवन रक्षा गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।





## विश्व क्षयरोग दिवस (World TB Day) 2026 विशेष अन्तरक्रिया कार्यक्रम

मिति २०८२/१२/०८ विश्व क्षयरोग दिवस २०८२ को पूर्बसन्ध्यमा "हो, हामी क्षयरोग अन्त्य गर्छौं: राष्ट्रिय अभियान, हाम्रो योगदान" मूल नारा सहित यस प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा बिभिन्न सरोकारवालाहरू, सञ्चारकर्मी तथा विभिन्न निकायहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता श्री केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुखज्यूले गर्नुभएको थियो भने सहायक प्रमुख जिल्ला अधिकारी श्री चिरञ्जीवी रानाको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा क्षयरोगको रोकथाम, समयमै परीक्षण तथा उपचारको महत्वबारे छलफल गरिनुका साथै TB मुक्त समाज निर्माणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको कुरामा जोड दिइएको थियो। कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका क्षयरोग फोकल पर्सन डिल्लीराम तिवारीले गर्नु भएको थियो ।




## मुसहर बस्ती, कावासोती-१५ मा विशेष खोप सत्र सञ्चालन

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा सञ्चालन भइरहेको जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियान अन्तर्गत कावासोती नगरपालिका-१५ स्थित मुसहर बस्तीमा लक्षित खोप सत्र सञ्चालन गरिएको छ। यस खोप सत्रमार्फत जोखिममा रहेका बालबालिका तथा समुदायका व्यक्तिहरूलाई खोपको पहुँच सुनिश्चित गरिएको छ। स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूको सक्रिय सहभागितामा अभियान प्रभावकारी रूपमा सञ्चालन गरिएको थियो।




## मध्यबिन्दु नगरपालिकामा इट्टा भट्टामा जे.ई. विशेष खोप सेशन

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा सञ्चालन भइरहेको जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियान अन्तर्गत मध्यबिन्दु नगरपालिकाका इट्टा भट्टामा कार्यरत श्रमिकहरूलाई लक्षित गर्दै खोप सत्र सञ्चालन गरिएको छ। दैनिक श्रममा व्यस्त रहने श्रमिकहरूलाई कार्यस्थलमै पुगेर खोप सेवा प्रदान गर्दा उनीहरूको पहुँच वृद्धि हुनुका साथै खोपप्रति सहभागिता समेत बढेको छ। साथै, यस्ता लक्षित खोप कार्यक्रमहरूले जोखिमयुक्त समुदायमा रोग नियन्त्रणमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ ।






## समावेशी पहल: मस्जिद र चर्चमार्फत JE खोप सेवा विस्तार

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा सञ्चालन भइरहेको जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियानलाई अझ प्रभावकारी, पहुँचयोग्य तथा समावेशी बनाउन विभिन्न धार्मिक स्थलहरूमा खोप सत्रहरू सञ्चालन गरिएको छ। ईद पर्वलाई मध्यनजर गर्दै मस्जिदमा तथा चर्चमा समेत खोप सत्रहरू आयोजना गरी समुदायका सबै वर्गका नागरिकहरूलाई सहज रूपमा खोप सेवा उपलब्ध गराइएको छ। यस पहलले समुदायमा विश्वास अभिवृद्धि गर्नुका साथै खोप सेवाको पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ।





## घरदैलो तथा द्रुत पहुँच अनुगमन (RCM) सञ्चालन: जे.ई. विशेष खोप अभियान २०८२

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) तथा WHO Nepal को संयुक्त टोलीद्वारा जिल्लामा सञ्चालन भइरहेको जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियानलाई थप प्रभावकारी बनाउन घरदैलो भ्रमण गरिएको छ। यस क्रममा खोप लिन छुटेका व्यक्तिहरूको पहिचान गर्दै द्रुत पहुँच अनुगमन (RCM) मार्फत अभियानको पहुँच, प्रगति तथा प्रभावकारिता मूल्याङ्कन गरिएको छ। साथै, लक्षित समुदायलाई आवश्यक परामर्श तथा सचेतनामूलक सन्देश प्रदान गरिएको छ।





## जापानिज इन्सेफ्लाइटिस (JE) विशेष खोप अभियान २०८२: खोप केन्द्रको स्थलगत अनुगमन

जिल्लामा सञ्चालन भइरहेको जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियानलाई प्रभावकारी, सुरक्षित तथा गुणस्तरीय बनाउन विभिन्न खोप केन्द्रहरूमा स्थलगत अनुगमन गरिएको छ। यस क्रममा खोप केन्द्रहरूको अनुगमन गरी खोप सेवा सञ्चालन, कोल्ड चेन व्यवस्थापन, अभिलेख तथा प्रतिवेदन प्रणाली तथा सेवाग्राही व्यवस्थापन लगायतका पक्षहरूको अवलोकन गरिनुका साथै खोप टोलीलाई आवश्यक सुझाव तथा प्रोत्साहन प्रदान गरिएको थियो। साथै, खोप सेवा थप प्रभावकारी बनाउन देखिएका कमीकमजोरीहरू पहिचान गरी सुधारात्मक उपायहरू अवलम्बन गर्न निर्देशन दिइएको थियो।





## प्रदेश जनस्वास्थ्य कार्यालयमा GIWMS, GIOMS, E-attendance

नेपाल सरकारको 'सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८' बमोजिम, साथै सूचना प्रविधि विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको 'सम्पूर्ण सरकारी निकायको वेबसाईट अनिवार्य एकीकृत वेबसाईट व्यवस्थापन प्रणाली (GIWMS) मा आवद्ध गराउने निर्णय' बमोजिम, प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले आफ्नो वेबसाइट GIWMS प्लेटफर्ममा सफलतापूर्व आवद्ध गराएको जानकारी गराउँदछौं साथै नेपाल सरकारको 'सरकारी कार्यालयको ई हाजिरी व्यवस्थापन सम्बन्धी निर्देशिका' बमोजिम प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कार्यालय कर्मचारीहरूको उपस्थिति व्यवस्थापनका लागि ई–हाजिरी प्रणाली (e-Attendance) पनि सुरु गरिएको जानकारी गराउँदछौं।







## धौवादी स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड मुल्यांकन कार्यक्रम

धौवादी स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड (MSS) मूल्याङ्कन कार्यक्रम मिति २०८२/१२/१५ मा सफलतापूर्वक सम्पन्न भएको छ। उक्त मूल्याङ्कन कार्यक्रममा हुप्सेकोट गाउँपालिका स्वास्थ्य शाखाबाट स.अ.हे.अ. अधिकृत राजेन्द्र पराजुली, प्रदेश जनस्वास्थ्य कार्यालयबाट जनस्वास्थ्य अधिकृत छबिलाल सुबेदी, देउराली अस्पतालबाट धनकुमार श्रेष्ठ, वडा नं. ४ का वडाध्यक्ष महेन्द्र पाण्डे, साथै स्वास्थ्य चौकीका इन्चार्ज हरि प्रकाश वाग्ले लगायत सम्पूर्ण स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रम अन्तर्गत स्वास्थ्य चौकीमा प्रदान भइरहेका सेवाहरूको गुणस्तर, व्यवस्थापन, अभिलेख प्रणाली, औषधि तथा उपकरणको उपलब्धता, सरसफाइ तथा सेवा प्रवाहका विभिन्न सूचकहरूका आधारमा मूल्याङ्कन गरिएको थियो। मूल्याङ्कनको नतिजा अनुसार धौवादी स्वास्थ्य चौकीले ८५.२ अंक प्राप्त गरेको छ, जसले सेवा गुणस्तर राम्रो रहेको संकेत गर्दछ।





## 'त्रिवेणी सुस्ता हेल्थ डेक्स (Health Desk)' विशेष

### हेल्थ डेस्कबाट 'चैत्र २०८२' महिनामा प्रवाह गरिएको स्वास्थ्य सेवाहरुको विवरण



औलों जाचँ: २८
डेंगी जाचँ: ०२
कोभिड-१९: ००
एच.आई.भी: ०९



औलों पोजेटिभ: ००
डेंगु पोजेटिभ: ००
कोभिड-१९ पोजेटिभ: ००
एच.आई.भी पोजेटिभ: ००

- कुल परिक्षण: २५
- जम्मा परामर्श सेवा गरेको संख्या: ४८८ (महिला: ७७, पुरूष: ४११)
- जम्मा स्क्रिनिङ गरेको संख्या: ३९ (महिला: ००, पुरूष: ३९)
- जम्मा प्राथमिक उपचार गरिएको संख्या: २०१ (महिला: २५, पुरूष: १७६)

## जिल्लाका फागुण महिनाका शीर्ष १० स्वास्थ्य समस्याहरुको सूची

| ICD-11 कोड | स्वास्थ्य समस्या | केस संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| DA63 | ग्यास्ट्राइटिस (APD) | २,५०९ | २१.८७% |
| BA00 | उच्च रक्तचाप (Hypertension) | १,३१७ | ११.४९% |
| MB23 | टाउको दुख्ने (Headache) | १,०९५ | ९.५५% |
| CA40 | माथिल्लो श्वासप्रश्वास संक्रमण (URTI) | १,०९३ | ९.५३% |
| 5A11 | मधुमेह (Diabetes Mellitus) | १,०३१ | ८.९९% |
| MD12 | खोकी (Cough) | ९९८ | ८.७०% |
| NA00 | चोटपटक/घाउ (Cut Injuries) | ९५५ | ८.३२% |
| 1C62 | कुकुरले टोकेको (Dog Bite) | ८५० | ७.४१% |
| FA01 | ढाड दुखाइ (Backache) | ८४३ | ७.३५% |
| CA00 | राइनाइटिस (Rhinitis) | ७८० | ६.८०% |

नि:शुल्क प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विवरण
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी सूची
Scan to view

स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ [दोस्रो संशोधन २०८१]
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी
Scan to view

## सामाजिक संजालमा प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**




पूरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ को खोपबारे सम्बन्धी जानकारी- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**




पूरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्रद्वारा तयार गरिएको जापनीज इन्सेफलाइटिस् बारे जनचेतनामूलक भिडियो प्रस्तुति**






**जिल्लाका १० सर्पदंश उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरु सम्बन्धी जानकारी भिडियो**






- एच. पि.भी खोप अभियान २०८१ सारांश भिडियो प्रस्तुति: https://www.facebook.com/61564852269142/videos/1251224415970599
- नसर्ने रोगहरुको पहिचानको लागि १ महिने महिना फागुण २०८१को सारांश भिडियो प्रस्तुति : https://www.facebook.com/61564852269142/videos/946614314129210


## राष्ट्रिय प्राथमिकता कार्यक्रम तथा प्रदेश अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजनासंग सम्बन्धित सूचकहरु मासिक तथा यस आ. व. २०८२/८३ को प्रगती विवरण




# स्थानीय तहमा भएका स्वास्थ्य कार्यक्रमहरुको सुची

## गैंडाकोट नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान २०८२
४. विपन्न नागरिक औषधि उपचार कार्यक्रम

## देवचुली नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान २०८२
३. ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा कार्यक्रम
४. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
५. प्रजनन रुग्णता शिविर संचालन

## मध्यविन्दु नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. स्वास्थ्यकर्मीहरुलाई eHMIS/DHIS2/PAMV2 अभिमुखीकरण
४. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान २०८२
५. नि:शुल्क आँखा शिविर

## कावासोती नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान २०८२
३. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
४. पोषण कार्यक्रम

## बुलिङटार गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. निः शुल्क स्त्रीरोग सम्बन्धि शिविर कार्यक्रम
३. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान २०८२
४. अपाङ्ग, अशक्त र जेष्ठनागरीकहरुको स्वास्थ्य परीक्षण, तथा परामर्श कार्यक्रम
५. निः शुल्क बालरोग शिविर कार्यक्रम

## विनयी त्रिवेणी गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान २०८२
३. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन
४. नि:शुल्क आँखा शिविर
५. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम


## हुप्सेकोट गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान २०८२
३. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
४. FP लामो अवधीको परिवार योजना सेवा घुम्ती शिविर

## बौदीकाली गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. सुत्केरी घरभेट जाँच कार्यक्रम
३. स्थानिय स्तरमा चिकित्सा सेवा बिस्तार कार्यक्रम
४. PNC कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन र संयुक्त मूल्यांकन कार्यक्रम
६. वृहत् पोषण कार्यक्रम
७. जे.ई. (जापानिज इन्सेफ्लाइटिस) रोग विरुद्धको खोप अभियान



## जनस्वास्थ्य कार्यालयको 'बैशाख' का लागि कार्ययोजना

- निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुगमन, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण,
- स्वास्थ्य कार्यालय मार्फत MNH कार्यक्रम अन्तर्गत Continuum of care अभिमुखीकरण कार्यक्रम,
- परिवार योजना र किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम संचालन अन्तर्गत ASRH अभिमुखीकरण तथा किशोरकिशोरी सेवा विस्तार कार्यक्रम, FP Data Pro तालिम,
- सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रणका लागि  समन्वय बैठक तथा अनुगमन
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (आधारभूत तथा पुनर्ताजगी तालिम तथा स्वयंसेविकाको लागि सामग्री समेत)
- उपचारात्मक सेवा सम्वन्धि कार्यक्रमहरु

## जनस्वास्थ्य कार्यालयको अनुरोधहरु

- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गर्मी मौसममा जिल्लाबासीहरूलाई अत्यधिक गर्मीबाट जोगिन हल्का कपडा लगाउन, प्रशस्त पानी तथा झोलयुक्त खानेकुरा सेवन गर्न, तथा दिउँसोको चर्को घाममा सकेसम्म बाहिर ननिस्कन हार्दिक अनुरोध गर्दछ ।
- प्रदेश जनस्वास्थ्य कार्यालय गर्मी मौसममा देखिने विभिन्न स्वास्थ्य समस्याहरू जस्तै डिहाइड्रेसन, झाडापखाला, टाइफाइड, सनस्ट्रोक तथा छालासम्बन्धी समस्याबाट बच्न विशेष स्वास्थ्यमा ख्याल दिन र कुनै लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्दछ ।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** प्रविण कुमार खनाल, जनस्वस्थ्य अधिकृत, +९७७ ९८५७०७९२३६, honawalpur@gmail.com

**गुनासो सुन्ने अधिकारी:** केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख, +९७७ ९८५७०४७९७६

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय):** ११११५













